नेपाल सरकार
# राष्ट्रिय सहकारी नियमन प्राधिकरण
National Cooperatives Regulatory Authority (NCRA)
(स्थापना-२०८१)

फोन नं. : ०१-५०१०१३१
०१-५०१०२३७
Website: www.ncra.gov.np
E-mail: admin@ncra.gov.np
info@ncra.gov.np

पुल्चोक, ललितपुर

प.सं: ०८२/०८३
च.नं.

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल ।
नेपाल सरकार (स्थापना-२०८१)

मितिः २०८२/१२/०८
ने.सं. ११४६ चौलाथ्व

## दर्ता अभिलेखीकरणको प्रकृया बन्द हुने सम्बन्धी अत्यन्त जरुरी सूचना।

"बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२" बमोजिम सहकारी संस्थाको दर्ता अभिलेखीकरण सम्बन्धी प्रकृया मिति २०८२ मंसिर १० गते देखि प्रारम्भ भई मापदण्डको दफा ३(४) को व्यवस्था बमोजिम थप गरिएको समयावधि २०८२ चैत्र १७ गते सम्म रहेको बिदितै छ । यस अवधि भित्रमा सम्वद्ध सबै सहकारी संस्थाहरुले अभिलेखीकरणका लागि तोकिए बमोजिम लाग्ने दस्तुर भुक्तानी गरेको बैक भौचर र तोकिएको विवरण समेत प्रविष्ट गरी सक्नु पर्ने छ । कुनै संस्थाले तोकिएको अवधी भित्र दस्तुर भुक्तानी गरीसके पनि कुनै कारणवश पूर्ण विवरण प्रविष्ट गर्न बाँकी रहेमा मिति २०८३/०१/१७ गते सम्म पूर्ण विवरण प्रविष्ट गर्न सक्ने छ । तोकिएको समयावधि भित्र सम्पूर्ण विवरणहरु प्रविष्ट गरेका सहकारी संस्थाहरुको मात्र विवरण रुजु गरी इजाजत पत्र प्रदान गरिने व्यहोरा सम्बद्ध सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

(केशवराज भट्टराई)
निर्देशक